## २०७४ असार २ गते बसेको नौमूले गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु



**निर्णय नं. १**

नौमूले गाउँपालिका अर्न्तगत वडा नं. १ देखि वडा नं. ८ सम्मका आर्थिक बर्ष २०७३/०७४ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा तपशिल बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि योजना तथा कार्यक्रमको अन्तिम भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालय नौमूलेमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

१. सम्बन्धीत वडाको वडा अध्यक्ष संयोजक

२. सम्बन्धित वडाको निर्वाचित महिला सदस्य सदस्य

३. सामाजिक परिचालक सदस्य

**निर्णय नं. २**

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको नियमित बैठक हरेक महिनाको २०गते विहान ठिक ११:०० बजे गाउँपालिकाको भवनमा बस्ने र बैठकको लागि गणपूरक संख्या उपस्थित भएमा बैठकसंचालन गर्नेनिर्णय गरियो ।

**निर्णय नं. ३**

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको नियमित बैठक हरेक महिनाको ३ गते विहान ठिक ११:०० बजे गाउँपालिकाको भवनमा बस्ने र यस गाउँपालिकाका प्रत्येक वडा कार्यालयहरुले व्यक्तिगत घटना दर्ता, कर्मचारी हाजिर उतार साथै मासिक प्रतिवेदन अनिवार्य रुपमा हरेक महिनाको ५ गते भित्र गाउँ कार्यपालिकाको कार्यालय नौमूलेमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नौमूले गाउँपालिका वडा नं. ७ को वडा कार्यालय व्यवस्थापन गर्नका लागि आवश्यक घर भाडामा लिने र बजेटको परिधिमा रहि कार्यालय व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नौमूले गाउँपालिका अर्न्तगतका वडा नं. १ देखि वडा न. ८ वडा कार्यालयहरु नियमित रुपमा नेपाल राजपत्रमा प्रकाशित भए बमोजिम संचालन गर्ने र वडा सचिव तथा अन्य कर्मचारीहरुले कार्यालय छोड्दा अनिवार्यरुपमा सम्वन्धीत वडाका वडा अध्यक्ष मार्फत कार्यकारी अधिकृतलाई लिखित जानकारी गराई अनुमति लिएर मात्र कार्यालय छोड्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नौमूले गाउँपालिकाको कार्यलयको सूचना अधिकारी यस गाउँपालिकाको कार्यकारी अधिकृत श्री सन्तोष ढुङ्गाना लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नौमूले गाउँपालिकामा रहेको हल भाडाको दर तोक्ने विषयमा छलफल गर्दा प्रत्येक दिनको रु १००० (अक्षेरुपि एक हजार मात्र) आजैका दिन देखि लागु गर्ने निर्णय गरियो ।

नौमूले गाउँपालिका २०७४

द्रष्टव्य :निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ

## वि.स. २०७४ असार २० गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

**नौमूले गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४** लाई स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

**निर्णय नं. २**

**नौमूले गाउँकार्यपालिकाका (कार्यविभाजन) नियमावली, २०७४** लाई स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

**निर्णय नं. ३**

**नौमूले गाउँकार्यपालिका (कार्यसम्पादन)नियमावली २०७४** लाई स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

**निर्णय नं. ४**

**नौमूले गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४** लाई स्वीकृति गर्ने सम्बन्धी प्रस्ताव पारित गरि आगामी गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं. ५**

**नौमूले गाउँपालिकाको स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४** अनुसार तपसिल बमोजिमका समितिहरु गठन गर्ने:

**तपसिल:**

**राजश्व परामर्श समिति**

| | |
|---|---|
| नौमूले गाउँपालिको उपाध्यक्ष अमृता सिंह | संयोजक |
| कार्यकारी अधिकृत सन्तोष ढुगांना | सदस्य |
| कार्यपालिका सदस्य प्रमिला कुमारी वि.क. | सदस्य |
| कार्यपालिका सदस्य गगन रोका मगर | सदस्य |
| स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि रमेश गहतराज | सदस्य |
| सहलेखापाल मान बहादुर बुढा | सदस्य सचिव |

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

| | |
|---|---|
| नौमूले गाउँपालिको अध्यक्ष भदे बुढा मगर | संयोजक |
| नौमूले गाउँपालिको उपाध्यक्ष अमृता सिंह | सदस्य |
| कार्यकारी अधिकृत सन्तोष ढुगांना | सदस्य |
| कार्यपालिका सदस्य सम्झना गहतराज | सदस्य |
| कार्यपालिका सदस्य मोतिलाल खत्री | सदस्य |
| कार्यपालिका सदस्य मोहन कुमार रानामगर | सदस्य |

**बजेट तथा कायक्रम तर्जुमा समिति**

| | |
|---|---|
| नौमूले गाउँपालिको उपाध्यक्ष अमृता सिंह | संयोजक |
| कार्यपालिका सदस्य भुवानी प्रसाद जैसी | सदस्य |
| कार्यपालिका सदस्य मोतिलाल खत्री | सदस्य |
| कार्यपालिका सदस्य गगन बहादुर रोका मगर | सदस्य |
| कार्यपालिका सदस्य गज बहादुर ढेगा मगर | सदस्य |
| कार्यपालिका सदस्य दल बहादुर गुरुङ्ग | सदस्य |
| कार्यपालिका सदस्य मोहन कुमार राना मगर | सदस्य |
| कार्यकारी अधिकृत सन्तोष ढुगांना | सदस्य सचिव |

नौमूले गाउँपालिका दैलेख २०७४

**निर्णय नं. ६**

नौमूले गाउँपालिकाको **बजेट तथा कार्यक्रम तर्जुमा समिति** बाट बजेट तथा कार्यक्रम तयार गरि आगामी एकिकृत योजना बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रममा छलफल गरि गाउँकार्यपालिकाको वैठक बाट आ.व. २०७४/०७५ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** **घरभाडा सम्बन्धमा**

क)नौमूले गाउँकार्यपालिकाको कार्यालय प्रयोजनको लागि आठ (८) कोठे भवन र स्टोर तथा स्वास्थ्य शाखा प्रयोजनको लागि चार (४) कोठे भवनको लागि सूचना प्रकाशन गर्ने ।

ख) नौमूले गाउँपालिका ७ नं. वडा कार्यालयको हालको घरभाडामा लिनेदिने सम्वन्धी सम्झौता नविकरण गर्ने ।

ग) नौमूले गाउँपालिका ८ नं. वडा कार्यालयको लागि घर भाडामा लिने सम्बन्धी सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ८**

निर्णय नं. ७ वमोजिमको घरभाडामा लिनेदिने सम्बन्धी सम्झौता गर्ने सम्बन्धमा निर्णय गर्न मिति २०७४ असार २८ गते गाउँ कार्यपालिकाको बैठक बस्ने ।

**निर्णय नं. ९**

नौमूले गाउँपालिकाको न्यायिक समिति गठन गर्नका लागि २०७४साउन १६ गते वस्ने गाउँसभामा प्रस्ताव पेश गर्ने ।

नौमूले गाउँपालिका दैलेख २०७४



सम्पर्क नं ९८२२५८०९१७, ९७५८००३२२२ इमेल ठेगाना: naumulegapa@gmail.com

## २०७४ असाढ २६ गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

**नौमूले गाउँपालिका गाउँकार्यपालिकाको वैठक संचालन सम्बन्धी कार्यविधि, २०७४** लाई स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

**निर्णय नं. २**

**नौमूले गाउँपालिका गाउँ कार्यपालिका कार्यविभाजन नियमावली, २०७४** को नियम ३ को उपनियम (२) सँग सम्बन्धीत गाउँ कार्यपालिकामा रहने विषयगत शाखाको गठन गर्ने सम्बन्धी प्रस्ताव मा सहमति हुन नसकेकोले आगामी कार्यपालिकाको बैठकमा सो प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ३**

नौमुले गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ को बजेट तर्जुमाको लागि वडा स्तरीय योजना प्राथमिकीकरण भेला २०७४ असार २९ गते भित्र सम्पन्न गरि २०७४ असार ३० गते बस्ने गाउँ कार्यपालिकाको वैठकमा पेश गर्ने ।

क) नौमूले गाउँपालिकाको प्रथम **गाउँ सभा २०७४ असार ३१** गते बस्ने निर्णय गरियो ।

ख) नौमूले गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट पेश भए अनुसार वित्तिय समानीकरण वापतको रकम रु १८ करोड ५१ लाख ३३ हजार विनियोनित गर्ने प्रस्ताव पारित गरियो ।

**अनुमानित विवरण**

**चालु खर्च तर्फ**: रु ५ करोड ५५ लाख ३९ हजार ९ सय मात्र ।

**पुँजीगत तर्फ:**

मेसिनरी औजार रु १ करोड ६० लाख,

जग्गा खरिद तर्फ २ करोड ५० लाख,

तामेखोला नौमूले सडक खण्ड मर्मत तर्फ रु ८५ लाख ९३ हजार मात्र

**बाँकी रहेको ८ करोड मध्ये वडा समितिहरुलाई प्रदान गरिने अधिकतम बजेट सिलिङ्ग**

१) नौमूले गाउँपालिका वडा नं. १ तर्फ रु ९२ लाख,

२) नौमूले गाउँपालिका वडा नं. २ तर्फ रु १ करोड १६ लाख,

३) नौमूले गाउँपालिका वडा नं. ३ तर्फ रु १ करोड १६ लाख,

४) नौमूले गाउँपालिका वडा नं. ४ तर्फ रु १ करोड १६ लाख,

५) नौमूले गाउँपालिका वडा नं. ५ तर्फ रु ९० लाख,

६) नौमूले गाउँपालिका वडा नं. ६ तर्फ रु ९० लाख,

७) नौमूले गाउँपालिका वडा नं. ७ तर्फ रु ९० लाख,

८) नौमूले गाउँपालिका वडा नं. ८ तर्फ रु ९० लाख मात्र बजेट सिलिङ्ग प्रदान गर्ने निर्णय गरियो ।

नौमूले गाउँपालिका दैलेख २०७४

## २०७४ असार ३० गते बसेको नौमूले गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

### निर्णय नं. १

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धी प्रस्तावमा गाउँकार्यपालिकाका सदस्य **श्री गगन रोका मगरलाई** तोक्ने।

### निर्णय नं. २

**घरभाडा सम्बन्धमा**

क) यस गाउँ कार्यपालिकाको कार्यलयको पत्र संख्या २०७३/०७४ चलानी नं. ४८ मिति २०७४ असार २० को घरभाडा लिने सम्बन्धी सूचना अनुसार :

नौमूले गाउँपालिकाको ८ नं. वडा कार्यालयको कार्यालय प्रयोजनका लागि नौमूले गाउँपालिका ८ चौराठा, दैलेख बस्ने घरधनी श्री गिता चन्दको कित्ता नं. ५०, ८९ वर्ग मिटर क्षेत्रफलमा रहेको ३ कोठे घरको भुई तलाको १ कोठा र माथिल्लो तलाको १कोठा गरि जम्मा २ कोठा मासिक भाडादर रु १००० अक्षरुपी (एक हजारका) दरले घरभाडा सम्झौता गर्न ७ दिने सूचना  प्रकाशन गर्ने ।

नौमूले गाउँ कार्यपालिको कार्यालयको लागि नौमूले गाउँपालिका वडा नं. १ बस्ने घरधनी श्री भदे बुढा मगरको कित्ता नं. ११६०, ०१२० वर्गमिटर क्षेत्रफलमा रहेको १० कोठे घरको ८ कोठा मासिक भाडादर रु २५०० (पच्चिस सय) का दरले घरभाडा सम्झौता गर्न ७ दिने सूचना  प्रकाशन गर्ने ।

स्वास्थ्य शाखा तथा स्टोर प्रयोजनको लागि नौमूले गाउँपालिका ५ दैलेख बस्ने घरधनि भविलाल सुनाखरी मगर र सोहि स्थान बस्ने घरधनी श्री पहल सिंह मगरको घरमा रहेको कोठाहरु घरधनी सँग वार्तागरी आवश्यक सम्झौता गर्ने ।

### निर्णय नं. ३

आजको बैठकका आगामि कार्यसूचिहरु स्थगन गरी आगामी गाउँकार्यपालिकाको वैठक मिति २०७४ असार ३१ गते बस्ने निर्णय गरियो ।

नौमूले गाँउपालिका दैलेख २०७४

## २०७४ साउन १ गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु



### निर्णय नं. १

नौमुले गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ को लागि प्रस्तावित कुल बजेट २६ करोड ९२ लाख ४८ हजार मध्ये

चालु तर्फ: रु ५ करोड,

पुँजिगत तर्फ: रु १३ करोड ५१ लाख ३३ हजार विनियोजन गरी आगामी गाउँसभा (२०७४साउन २ गते दिनको २ बजे बस्ने) मा पेश गर्ने ।

### निर्णय नं. २

कुल प्रस्तावित पुँजिगत बजेत रकम रु १३,५१,३३,००० (अक्षेरुपी तेह्र करोड एकाउन्न लाख तेत्तिस हजार) लाई निर्णय बमोजिमका शिर्षकहरुमा विनियोजन गर्ने प्रस्ताव पारित गरियो:

### निर्णय नं. ३

यसरी प्रस्तावित विनियोजन बजेटको ५ करोड ४३ लाख २७ हजार ६ सय ८० को कार्यक्रम २०७४।०४।०२ गते विहान ८:०० बजे बस्ने गाउँ कार्यपालिका वैठकबाट पारित गरी सोही दिन बस्ने गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

नौमूले गाउँपालिका दैलेख २०७४

# २०७४ साउन २ गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

## निर्णय नं. १

नौमुले गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ को लागि प्रस्तावित **नौमूले गाउँपालिका आर्थिक ऐन, २०७४** नौमूले गाउँ कार्यपालिकाको बैठकबाट पारित गरि मिति २०७४ साउन २ गते दिनको २:०० बजे बस्ने गाउँ सभामा पेश गर्ने।

## निर्णय नं.२

नौमूले गाउँपालिका दैलेखको लागि आ. ब. २०७४/०७५को लागि प्रस्तावित आर्थिक ऐन वमोजिम गाउँपालिकाको आ.व.२०७४/०७५ को अनुमानित आन्तरिक राजश्व रु. १० लाख रुपैया उठाउने निर्णय पारित गरि गाउँ सभामा पेश गर्ने।

## निर्णय नं. ३

नौमूले गाउँपालिका अन्तरर्गत वडा नं. १ र ५ को सिमाना स्थित लोहोरे खोलामा रहेको झोलुङ्गे पुल जिर्ण भई भत्कने अवस्थामा रहेको र उक्त पुल नजिकै पक्कि पुल निर्माण भईसकेको साथै नौमूले गाउँपालिका वडा नं. ५ को बजार व्यवस्थापन गर्नमा समेत समस्या परेकोले उक्त झोलुङ्ग पुल नौमूले गाउँपालिकाको वडा नं. ५ को पदमखोलामा(ढाँडगाँउको सिमानामा) विस्थापन गर्ने ।

## निर्णय नं. ४

नौमूले गाउँपालिकाको आ.व.२०७४/०७५ को लागि संघीय सरकार बाट प्राप्त बित्तिय समनिकरण वापतको रकम रु १८ करोड ५१ लाख ३३ हजार, शर्सत अनुदान तर्फ रु ८ करोड ४१ लाख १५ हजार, कार्यलय व्यवस्थापन तर्फ रु ४८ लाख र अनुमानित आन्तरिक आम्दानी रु १० लाख साथै गैर सरकारी सस्थाहरुबाट सुनिश्चित गरिएकोरकम रु ४करोड ७९ लाख ३८ हजार ८ सय ३० गरी जम्मा रकम रु ३२ करोड २९ लाख ८६ हजार ८ सय ३० को बजेट नौमूले गाउँकार्यपालिकाको बैठक बाट पारित गरि आगामि गाउँसभामा पेश गर्ने।

नौमूले गाँउपालिका दैलेख २०७४

## २०७४ साउन २९ गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**:नौमूले गाउँपालिका अर्न्तगत करार सेवामा कार्यरत प्रशासन सहायक, कार्यालय सहयोगी, पशु तथा कृषि स्वास्थ्य प्राविधिकहरुको करार म्याद थप गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

**निर्णय नं. २**: नेपाल सरकारवाट प्राप्त शर्सत अनुदान तर्फको औषधि खरिद बापतको रकम रु ३,२०,०००। (अक्षेरुपि तीन लाख विस हजार मात्र) बाट स्वास्थ्य शाखा संयोजकको संयोजकत्वमा आवश्यक औषधि तत्काल खरिद गर्ने र अपुग रकमका सन्दर्भमा गाउँपालिकाबाट बिनियोजित स्वास्थ्य तर्फको बजेट रकमबाट व्यवस्थापन गर्ने ।

**निर्णय नं. ३**: नौमूले गाँउपालिकाको कृषि शाखा तथा अस्पतालको लागि आवश्यक जग्गा व्यवस्थापनको लागि आवश्यक प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं. ४**: नौमूले गाउँपालिका अर्न्तगत करार सेवामा कार्यरत कर्मचारीहरु र निर्वाचित पदाधिकारीहरुले मिति २०७४ भाद्र १० गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा सम्पत्ति विवरण बुझाउने ।

**निर्णय नं. ५**: नौमूले गाँउपालिका अर्न्तगत साविकका गाविसहरुमा सञ्चालनमा रहेको विपद व्यवस्थापन कोषको रकमलाई गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको विपद व्यवस्थापन कोष खातामा २०७४ भदौ ५ गतेभित्रमा एकिकृत गर्ने ।

**निर्णय नं. ६**: नौमूले गाउँपालिका अर्न्तगत साविकका गाविसहरुमा रहेको कृषि वन वातावरण समितिहरुको खातामा रहेको रकम मिति २०७४ भदौ ५ गतेभित्र गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने ।

**निर्णय नं. ७**: नौमूले गाउँपालिका दैलेखको लागि नेपाल सरकारबाट प्राप्त बजेट शिर्षक नं. ६०२११० को आव २०७३/०७४ को खर्च अनुमोदन गरि**खर्च शिर्षक नं. २६३२२ पूजिगँत तर्फको रु ४८ लाख रकम गाउँपालिकाका** विषयगत कार्यालयहरु, वडा कार्यालयहरुमा आवश्यक पर्ने मेसिनरी औजार र फर्निचर एवं फर्निसिंगका सामानहरु खरिदमा विनियोजन गर्ने ।

**निर्णय नं. ८**: नौमूले गाउँपालिका अर्न्तगत रहेका विषयगत कार्यायहरुले जिन्सि विवरण मिति २०७४ भदौ १२ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

**निर्णय नं. ९**:नौमूले गाँउपालिकाको पोषण सर्म्पक व्यक्ति स्वास्थ्य शाखा संयोजक श्री भुपेन्द्र शाहीलाई तोक्ने ।

**निर्णय नं. १०**: नौमूले गाँउपालिकाका उपाध्यक्ष श्री अमृता सिंहको संयोजकत्वमा गाउँपालिकाको पोषण सम्वन्धी गुनासो सुनुवाई समिति गठन गर्ने ।

**निर्णय नं. ११**: जिल्ला मालपोत कार्यालयवाट प्राप्त दैलेख जिल्लाको जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका अनुमोदन गर्ने ।

**निर्णय नं. १२**: नौमूले गाउँपालिकाको वडा नं. १, २, ३, ८ मा सामुदायिक स्वास्थ्य इकाई र वडा नं. ७ मा स्वास्थ्य चौकि स्थापना गर्न जिल्ला स्वास्थ्य कार्यालय दैलेखसँग समन्वय गर्ने ।

**निर्णय नं. १३**: नौमूले गाउँपालिकामा आउन सक्ने स्वास्थ्य सम्वन्धी महामारी नियन्त्रण गर्न आवश्यक बफर स्टक को लाग तत्कालका लागि विपद् व्यवस्थापनकोष वाट रु १ लाख रकम विनियोजन गरि स्वास्थ्य शाखा लाई सो को जिम्मा दिने ।

**निर्णय नं. १४**: नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको लागि स्वास्थ्य सेवा विभागवाट प्राप्त स्वास्थ्य सामाग्रीहरु टेकु काठमाण्डौं देखि नौमूले सम्म ढुवानि गर्न लाग्ने आवश्यक रकम गाउँपालिकाको बजेटबाट व्यहोर्ने ।

**निर्णय नं. १५**: नौमूले गाउँपालिकाको लोहोरे खोलामा भदौ मसान्तसम्म ढुंगा गिट्टी वालुवा झिक्न नपाउने भएकोले सो को अनुगमन गर्न इलाका प्रहरी कार्यालयलाई जिम्मा दिने ।

**निर्णय नं. १६**: नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माणधिन रहेको भवन हालसम्म सम्पन्न हुन नसकेको कारण बारे शहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेत सँग अनुरोध गर्ने ।

**निर्णय नं. १७**: नौमूले गाउँपालिकामा आन्तरिक श्रोत वाट व्यहोर्ने गरि मासिक रु ८००० मा कार्यालय सहयोगी पदमा परामर्श सेवा खरिद गर्ने ।

**निणय नं. १८**: बैठकमा उठेका बिभिन्न बिषयहरुमा नीतिगत निर्णयहरु गरी सोको लागि केन्द्र तथा प्रदेश सरकार सँग अनुरोध गर्ने ।

**निर्णय नं. १९**: नौमूले गाँउपालिकाको विषयगत शाखा कार्यालयहरुको व्यवस्थापनका लागि २०७४ असार ३० को कार्यापालिकाको निर्णय नं. २ (क) को अधिनमा रहि घरधनीसँग घरभाडा सम्झौता गर्ने ।

**द्रष्टव्य :निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ**

## २०७४ भदौ १४ गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १** (क) नौमूले गाउँपालिकाको नेपाल सरकारवाट प्राप्त बजेट शिर्षक नं. २६६१२ बाट तलब भत्ता पाउने गरि २०७४ असोज १ देखि २०७४ फाल्गुण मसान्त सम्मको लागि उर्मिला कुमारी वि.सि. र झरना कार्की वाट सेवा करारमा लिने।

(ख) जिल्ला समन्वय समितिको कार्यालय दैलेखमा करार सेवामा तर्फ कार्यरत सव इन्जिनियर, सिभिल सहायक स्तर पाँचौ तहका श्री अनिल के.सि. लाई सो कार्यालयको पत्रानुसार नौमूले गाउँपालिकामा कामकाज गराउने।

(ग) नौमूले गाउँकार्यपालिकाको २०७४ साउन २९ गतेको निर्णय नं. १७ को अधिनमा रहि नौमूले गाँउपालिकाको कार्यालय सहयोगी पदमा श्री वल वहादुर सलामी मगरलाई करार सेवामा नियुक्त गर्ने।

**निर्णय नं. २:** नौमूले गाँउपालिकाको लागि आ व २०७४ ०७५ मा खरिद भएको औषधि वितरणमा प्रत्येक वडाअध्यक्षहरुले अनुगमन गर्ने।

**निर्णय नं. ३:** नौमूले गाउँपालिकाबाट आ. ब २०७४ ०७५ का लागि बजेट तथा कार्यक्रम विनियोजन २०७४ असार मसान्तमा नै भैसकेकोले विषयगत कार्यालयहरुको बजेटका लागि सम्वन्धीत बिषयगत मन्त्रालयहरुसँग समन्वय गर्ने।

**निर्णय नं. ४:** नौमूले गाँउपालिका अर्न्तगतका समग्र योजना बजेट कार्याक्रम तथा विविध कार्यक्रमहरु अनुगमन गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा उच्चस्तरिय योजना अनुगमन समिति गठन गर्ने:

| | | |
|---|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष | श्री भदे बुढा मगर |
| सदस्य | गाउँपालिका उपाध्यक्ष | श्री अमृता सिंह |
| सदस्य | गाउँकार्यपालिका सदस्य | श्री गगन बहादुर रोका मगर |
| सदस्य | गाउँकार्यपालिका सदस्य | श्री गज बहादुर ढिंगा मगर |
| सदस्य | गाउँकार्यपालिका सदस्य | श्री मोहन कुमार राना मगर |
| सदस्य | गाउँकार्यपालिका सदस्य | श्री प्रेमा वस्नेत |
| सदस्य | गाउँकार्यपालिका सदस्य | श्री सम्झना गहतराज |
| सदस्य | गाउँ कार्यपालिकाको कार्यालयका | सव इन्जिनियर श्री अनिल के.सी. |
| सदस्य सचिव | गाउँ कार्यपालिकाको कार्यालयका | कार्यकारी अधिकृत श्री सन्तोष ढुंगाना |

**निर्णय नं. ५:** आ. व. २०७४/०७५ को लागि स्विकृत जिल्ला दररेट निर्धारण समितिको मिति २०७४ साउन ५ गतेको जिल्ला दररेट निर्धारण सम्वन्धी निर्णयलाई अनुमोदन गर्ने।

**निर्णय नं. ६:** नौमूले तामेखोला सडक खण्डलाई दुई खण्डमा विभाजन गर्न गाउँपालिका अध्यक्ष सहित प्राविधकहरुको टोलिले अनुगमन गर्ने।

**निर्णय नं. ७:** नौमूले गाउँपालिकाका पदाधिकारीहरुको परिचय पत्रका लागि कार्यपालिकाको कार्यालयमा फोटो संकलन गर्ने।

**निर्णय नं. ८:** नौमूले गाउँपालिका, गाउँ कार्यपालिका तथा वडा समितिहरुको लागि बैठक भत्ता दिने निर्णय गरियो।

**निर्णय नं. ९:** नौमूले गाँउपालिकाको आगामि गाँउ सभा २०७४ भदौ २१ गते वस्ने।

**निर्णय नं. १०:**नौमूले गाउँपालिकाबाट निर्यात हुने तपशिलका जडिबुटीहरुमा निम्नानुसारको राजश्व उठाउने :

| क.स | विवरण | प्रति केजी राजश्व रु | कैफियत |
|---|---|---|---|
| १ | सतुवा | ५०० | |
| २ | रातो च्याउ | १००० | |
| ३ | चुके लठ्ठा | १०० | |
| ४ | पाखन वेद | २० | |
| ५ | बन आलु | ५० | |
| ६ | सुनकाउली तेजपात | २० | |
| ७ | समयजरा | ५० | |
| ८ | धुपी पात | २० | |
| ९ | टिमुर | ५० | |
| १० | तितेपाती | १० | |
| ११ | काउलो बोक्रा | २० | |
| १२ | हात पसारो | २० | |

**निर्णय नं. ११:** श्री मोतिलाल बस्नेत लाई मुटुको उपचारका लागि रु ५०,०००। आर्थिक सहयोग गर्ने।



नौमूले गाउँपालिका २०७४

## २०७४ भदौ २० गते बसेको नौमूले गाउँ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १: नौमूले तामेखोला सडक खण्ड विभाजन गर्ने

खण्ड क नौमूले ठुटे सिमल देखि बागखोर सम्म ।

खण्ड ख बागखोर देखि तामेखोला सम्म ।

निर्णय नं. २ नौमूले गाउँपालिकामा सव इन्जिनियर पदमा कार्यरत कर्मचारीहरुलाई मासिक फिल्ड भत्ता रु ५०००। दिने ।

निर्णय नं. ३ नौमूले गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ नियम ३ को उपनियम २ सँग सम्वन्धीत गाउँ कार्यपालिकामा रहने विषयगत शाखा गठन गर्ने :

तपशिल:

| क.स | बिषयगत शाखा | संयोजक | कैफियत |
|---|---|---|---|
| १ | सामान्य प्रशासन शाखा | गगन बहादुर रोका मगर | |
| २ | राजश्व तथा आर्थिक प्रशासन शाखा | मोतिलाल बस्नेत | |
| ३ | पूर्वाधार विकास शाखा भवन नियमन शाखा | मोतिलाल खत्रि | |
| ४ | आर्थिक विकास शाखा | पवित्रा मर्गर्नी | |
| ५ | सामाजिक विकासा शाखा | दल बहादुर गुरुङ्ग | |
| ६ | योजना अनुगमन तथा तथ्याङ्क शाखा | प्रमिला कुमारी विक | |

निर्णय नं. ४:

(क)नौमूले गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ नियम ४ को उपनियम ६ सँग सम्वन्धीत गाउँ कार्यपालिकामा रहने विषयगत समितिहरुको गठन गर्ने :

तपशिल:

| क.स | बिषयगत शाखा | संयोजक | कैफियत |
|---|---|---|---|
| १ | सार्वजिनि सेवा तथा क्षमता विकास समिति | संभ्ना गहतराज | |
| २ | आर्थिक विकास समिति | मोतिलाल बस्नेत | |
| ३ | सामाजिक विकास समिति | सुमित्रा कुमारी सलामि | |
| ४ | पुर्वाधार विकास समिति | मोहन कुमार रानामगर | |
| ५ | बातावरण तथा विपद व्यवस्थापन समिति | गगन रोका मगर | |
| ६ | विधेयक समिति | अमृता सिंह | |

(ख) नौमूले गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको तलब भत्ता लगायतका सेवा सुविधाको सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ असार ३१ को निर्णय अनुसार गर्ने ।

नौमूले गाउँपालिका २०७४



सम्पर्क नं ९८२२५८०९१७, ९७५८००३२२२ इमेल ठेगाना: naumulegapa@gmail.com

**मिति २०७४ भदौ ३१ गते बसेको गाउँ कार्यपालिकाको निर्णयहरु**

निर्णय नं. १ नौमूले गाउँपालिकाको केन्द्र देखी आठैवटा वडा कार्यालयहरुमा पुग्ने मोटर बाटो सरसफाई गर्न सम्वन्धित वडाहरुमा खर्च हुने गरि विनियोजित पूर्वाधार तर्फको तपशिल बमोजिमको रकम विनियोजन गर्नेः

वडा नं. १ मा रु २५ हजार ।

वडा नं. २ मा रु १ लाख ।

वडा नं. ३ मा रु ७५ हजार ।

वडा नं. ४ मा रु २ लाख ।

वडा नं. ५ मा रु ८० हजार ।

वडा नं. ६ मा रु १ लाख ।

वडा नं. ७मा रु १ लाख ५० हजार ।

वडा नं. ८ मा रु १ लाख ५० हजार ।

निर्णय नं. २ नौमूले गाँउपालिकामा करारमा कार्यरत सब ईन्जिनियर लाई कार्यवोझका आधारमा गाउँपालिकाको कन्टिन्जेन्सि वाट भुक्तानि दिने गरी प्रोत्साहन भत्ता मासिक रु ५२५० अक्षेरुपि पाँच हजार दुई सय पचास दिने ।

नौमूले गाँउपालिका दैलेख २०७४


सम्पर्क नं ९८२२५८०९१७, ९७५८००३२२२ इमेल ठेगाना: naumulegapa@gmail.com

**मिति २०७४ कार्तिक ११ गते बसेको गाउँ कार्यपालिकाको निर्णयहरु**

निर्णय नं. १

नौमूले गाउँपालिका रहेका वडा कार्यालयहरुको लागि मासिक रुपमा चालु प्रकृतिका खर्चहरु तथा वडा समितिको मासिक बैठक भत्ता वापतको पेश्की सम्बन्धीत वडा कार्यालयहरुलाई उपलब्ध गराउने ।

ख) गाउँपालिकामा रहेका अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृतलाई सञ्चार महसुल बापत मासिक रु १५०० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २

यस नौमूले गाउँपालिकामा र सहयोगी संस्थाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुकोग गत आ.व २०७३।०७४ मा भुक्तानी दिन बाँकि डोब खानेपानि तथा सरसफाई योजना सल्लेरी सिम धारा खानेपानि तथा सरसफाई योजना तोली ठुटोसिमल खानेपानी तथा सरसफाई योजना तोली साउने धारा खानेपानि तथा सरसफाई योजनाको कुल रकम रु १८,८४८।८८ र सहयोगी संस्था तथा सहयोगी व्यक्तिहरुलाई कुल रकम रु १५,३२५१६ यस अर्न्तगत सामाजिक सेवा केन्द नेपाल रकम रु ४३८२२० स्थानीय विकास कोष रकम रु ५८८३७६ एभरेष्ट क्लब दैलेख ५०,५९२० रकम भुक्तानी दिने ।

**निर्णय नं. ३**

नौमूले गाउँपालिकाको चा. लु आ.व २०७४।०७५ को सामाजिक सुरक्षा भक्ता पहिलो किस्ता वापत निकास भएको रकम रु ८०,३४,००० अपुग भएकोले अपुग रकम सम्बन्धीत लाभ ग्राहीको विवरण अद्यावधिक गरी सोधभर्ना गर्ने र हाललाई अपुग रकम गाउँपालिकाबाट खर्च गर्ने गरी व्यवस्था मिलाई सामाजिक सुरक्षा भक्ता बापतको पहिलो चौमासिक रकम विवरण गर्ने ।

**निर्णय नं.४**

नौमूले गाउँपालिकामो जिल्ला समन्वय समितिबाट काज सरुवा भै आएका कार्यालय सहयोगी श्री मन बहादुर तारामीको करार सेवा सम्झौता अनुमोदन गर्ने ।

निर्णय नं. ५

यस नौमूले गाउँपालिका अर्न्तगत नौमूले तामेखोला सडक खण्डका क र ख को योजना सञ्चालन गर्न सम्वन्धीत सडक खण्डका उपभोक्ता समितिका पदाधिकारीहरुलाई कार्यापालिकाको बैठकमा उपस्थित गराई सो उपर छलफल गर्न कार्यपालिकाको बैठकमा पेश गर्ने ।

निर्णय नं. ६

गाउँपालिकाका योजना तथा कार्यक्रम संञ्चालन हुने आयोजनाहरुको लागि योजना किताव तयार गरी लागु गर्ने ।

निर्णय नं. ७

गाउँपालिकाको लागि प्राविधिक कर्मचारी असिष्टेष्ट सव इन्जिनियर आवश्यक भएमा प्रदेश सरकार र केन्द्र सरकारको निर्वाचन सम्पन्न पछि आवश्यक पक्रिया अगाडि बढाउने ।

निर्णय नं. ८

गाउँपालिकाको वातावरण तथा विपत व्यवस्थापन समिति तपशिल वमोजिम गठन गर्ने ।

तपशिल :

१. गगन बहादुर रोकामगर –संयोजक

२ . मोतिलाल खत्री –सदस्य

३ . प्रेमा बस्नेत –सदस्य

४ .प्रमिला वि.क –सदस्य

५. गाउँ कार्यपालिकाको कर्मचारी सदस्य -सचिव

निर्णय : नं.९

यस नौमूले गाउँकार्यपालिकाको बैठक आगमी ०७४।०७।१८ गते बस्ने निर्णय गरियो ।



नौमूले गाउँपालिका दैलेख २०७६